# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन १५ गते २०५७ साल (संख्या ४५

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू–संरक्षण मन्त्रालयको सूचना

खण्ड ५०, संख्या ४३ मिति २०५७ साल फागुन १ गतेको नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाको द्रष्टव्यको सट्टामा देहाय बमोजिमको द्रष्टव्य राखिएको छ।

"द्रष्टव्य: उल्लिखित प्रतिवन्ध व्यवस्थापन योजनामा उल्लेख भए बमोजिम ढलापडा रुखमा, स्वीकृत कार्ययोजना बमोजिम कटान हुने रुखमा र प्राथमिकता प्राप्त आयोजनाहरुबाट कटान हुने रुखको हकमा लागू हुने छैन।"

आज्ञाले,
रवि शर्मा अर्याल
उप-सचिव (कानून)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूलसुधार

मिति २०५७।९।६ को अतिरिक्ताङ्क ४९ र २०५७।९।७ को अतिरिक्ताङ्क ५० मा प्रकाशित राजदरबारको सूचनामा भाग ४ हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,

## भूलसुधार

नेपाल राजपत्र खण्ड ५० असोज ५ गते २०५७ साल अतिरिक्ताङ्क ३५ (ङ) मा प्रकाशित श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचनाको खण्ड (ख) मा उपाध्यक्षमा श्री ओमकारप्रसाद गौचन, बाग्लुङ र खण्ड (ङ) को देहाय १४ मा श्री आङ छिरिङ शेर्पा, सोलुखुम्बु, हाल बालुवाटार, काठमाडौं हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४४